सुनिलस्मृति गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

सुलिचौर, रोल्पा

लुम्बिनी प्रदेश, नेपाल

प.सं.: २०७८/०७९

च.नं.:

मिति:२०७८/०५/१५

**विषय:- भिडियो निर्माण प्रतियोगिता सम्वन्धी सूचना ।**

२०७८ भदौ २९ गते राष्ट्रिय बाल दिवसको अवसरमा राष्ट्रिय बाल अधिकार परिषदले **"संघीय नेपालमा बालअधिकार"** विषयमा २ मिनेटको भिडियो निर्माण प्रतियोगिता आयोजना गरेकाले इच्छुक प्रतियोगीहरुले तपिसलको नियमहरुको पालना गर्दै तयार गरिएको भिडियो २०७८ भदौ २० गते सम्म childrensday2078@gmail.com मा पठाउनुहुन सम्वन्धित सबै सरोकारवालाहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल:-

१. प्रतियोगितामा २० बर्ष भन्दा कम उमेरका बालबालिका/किशोरकिशोरी सहभागी हुन पाउनेछन् ।
२. भिडियो न्यूनतम् ९० सेकेन्ड तथा अधिकतम् २ मिनेट समय भित्रको हुनुपर्नेछ ।
३. भिडियो नेपाली भाषामा हुनुपर्नेछ ।
४. शब्द चयन गर्दा मर्यादित, कसैलाई व्यक्तिगत आक्षेप र लाञ्छना नलाग्ने हुनुपर्नेछ ।
५. भिडियोमा कुनै निश्चित राजनीतिक दल, दलको नेता, धार्मिक समुदाय वा सो समुदायका अगुवा वा निश्चित व्यक्तिको पक्षपोषण गर्ने हुनुहुदैन ।
६. भिडियो सामग्री पेश गर्दा सहभागीले आफ्नो उमेर खुल्ने प्रमाण पेश गर्नुपर्नेछ ।
७. भिडियो कुनै स्रोतबाट नक्कल नगरिएको, मौलिक र सन्देशमूलक हुनुपर्नेछ । सहभागी आफैले आफ्नो सोंचमा तयार गरिएको हुनुपर्नेछ ।
८. भिडियोले संघीय नेपालमा बाल अधिकार संरक्षण र संवर्द्धन कसरी हुनसक्छ भन्ने प्रश्नको सकारात्मक र प्रवर्द्धनात्मक सन्देश दिनुपर्ने हुनुपर्नेछ ।
९. भिडियोमा एनिमेसन, टिकटक वा शब्दहरु तस्बीरहरु र व्यक्तिहरुले अभिनय गर्न सक्नेछन् । यसरी तस्वीर वा अभिनय गर्दा सम्बन्धित व्यक्तिको सहमती अनिवार्य हुनुपर्नेछ ।

........................

(मोतिम आलम)

नि.प्रमुख प्रशासकीय अधिकृत

नि. प्रमुख प्रशासकीय अधिकृत

ईमेल : ssrminfo@gmail.com|ito.sunilsmritirm@gmail.com । टोल फ्रि नं : १६६०८६४४२५०